# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८२।०८३
चलानी नं. :-


मिति :- २०८२।०९।२४
ने.स. ११४६ पोहेलागा ५ विहिवार

सूचना नं. ४६

**स:शुल्क जग्गा प्राप्ति सम्बन्धी सार्वजनिक सूचना !**

विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०९।२३ को बैठकको निर्णय बमोजिम विहादी गाउँपालिका वडा नं. ४ स्थित सापचौर खेल मैदान क्षेत्र विस्तारको लागि थप जग्गाको आवश्यकता परेकोले तपसिलमा उल्लेखित शर्त बमोजिम स:शुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र आफुले उपलब्ध गराउन चाहेको जग्गाको विवरण सहितको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु:

१. जग्गाको क्षेत्रफल कम्तीमा २५०० व.मि. हुनुपर्ने र भविष्यमा थप जग्गा आवश्यक हुदाँ सहज रुपमा उपलब्ध हुन सक्ने सम्भावना रहेको हुनुपर्नेछ ।

२. एक वा एकभन्दा बढी जग्गादाताहरुले साँध सिमाना मिलाएर जग्गा उपलब्ध गराउन सकिनेछ ।

३. जग्गा प्राप्ति गर्न सकिने क्षेत्र:-
विहादी गाउँपालिका वडा नं. ४ स्थित सापचौर खेल मैदानको जग्गाको कित्ता नं. १३३१, १३३३, १३३५, १३३७, ५६१, ५६८, ५६३, १७९, ५९०, १७० र १७८ को उत्तर पूर्व तर्फ जोडिएको जग्गा

४. खोला तथा जोखिम क्षेत्र नभएको, खानेपानी एवम् विद्‌युत सेवा विस्तार भएको वा गर्न सकिने जग्गा हुनुपर्नेछ ।

५. निवेदनसाथ स:शुल्क जग्गा उपलब्ध गराउन चाहेको जग्गाको क्षेत्रफल, मञ्जुरिनामा, प्रति रोपनी उपलब्ध गराउन चाहेको मूल्य, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, चालु आ.व.को भुमिकर/ मालपोत तिरेको रसिद, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा संघ संस्थाको हकमा दर्ता प्रमाणपत्र, नापी कार्यालयबाट जारी गरिएको जग्गाको ट्रेस नक्सा संलग्न गर्नुपर्नेछ ।

६. स:शुल्क उपलब्ध गराउने गरी निवेदन पेश हुन आएका जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

७. थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

धर्म बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत